# आदर्श गाउँपालिका
# Aadarsh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पत्र संख्या : २०८०।०८१
च.नं. :

मौवा नगरदह, डोटी

मिती २०८१/०३/२६ गते सुदूरपश्चिम प्रदेश, नेपाल

### सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रस्तुत विषय सम्बन्धमा **"सामाजिक सुरक्षा नियमावली (दोस्रो संशोधन), २०७६" को नियम "९" को उपनियम "१" तथा "सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७" को दफा "४"** बमोजिम यस आदर्श गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले २०८१ श्रावण १ देखि भाद्र मसान्तभित्र आवश्यक कागजात सहित आ-आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा स्वयम् व्यक्ति वा संरक्षक/ माथवर उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ | साथै तोकिएको समयभित्र नवीकरण नगराएमा लगतबाट स्वतः नाम हट्ने भएको हुँदा सामाजिक सुरक्षा भत्ता छुट हुन गएमा सोको जिम्मेवार स्वयं लाभग्राही हुने व्यहोरा समेत जानकारी गरिन्छ |

**नवीकरण गर्नका लागि आवश्यक कागजातहरु :**

| क्र.सं. | सामाजिक सुरक्षा किसिम | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य /जेष्ठ नागरिक दलित | ➢ नागरिकताको प्रतिलिपी १ प्रति<br>➢ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी १ प्रति<br>➢ राष्ट्रिय परिचय पत्र निवेदन दर्ताको निस्सा प्रतिलिपी १ प्रति |
| २ | जेष्ठ नागरिक एकल महिला/विधवा महिला | ➢ नागरिकताको प्रतिलिपी १ प्रति<br>➢ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी १ प्रति<br>➢ पतिको मृत्यु दर्ताको प्रतिलिपी १ प्रति<br>➢ राष्ट्रिय परिचय पत्र निवेदन दर्ताको निस्सा प्रतिलिपी १ प्रति |
| ३ | अति अशक्त अपाङ्गता /पूर्ण अपाङ्गता | ➢ नागरिकता/जन्मदर्ताको प्रतिलिपी १ प्रति<br>➢ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी १ प्रति<br>➢ अपाङ्गता परिचय पत्र प्रतिलिपी १ प्रति<br>➢ राष्ट्रिय परिचय पत्र निवेदन दर्ताको निस्सा प्रतिलिपी १ प्रति |
| ४ | क्षेत्र तोकिएका बालबालिका/दलित बालबालिका | ➢ जन्मदर्ताको प्रतिलिपी १ प्रति<br>➢ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी १ प्रति<br>➢ संरक्षकको नागरिकता प्रतिलिपी १ प्रति |

***नोट: मिती २०८१/१०/०१ गते देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य गरिएको हुँदा टोलीमा राष्ट्रिय परिचय पत्र आवेदन दर्ता गर्दा प्राप्त गरेको निस्सा अनिवार्य साथमा लिएर आउनु पर्नेछ | बालबालिकाको हकमा राष्ट्रिय परिचय पत्र नं. अनिवार्य गरिएको छैन |***

२०८१/३/२६

............................................

पदम राज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत